**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**
**फैसला**

२०७५।०७६ सालको निर्णय नं. १३२
पुनरावेदन नं. ९७–०७५-RB-००२६
<u>मुद्दाः– आयकर (२०६७/०६८) ।</u>

जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. ३२ मिनभवन गोरखा कम्प्लेक्सस्थित कान्तिपुर सेभिङ एण्ड को-अपरेटिभ लि. (स्थायी लेखा नं. ५००२१३३१५) को तर्फबाट अख्तियार प्राप्त प्रेमध्वज लामा........................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..................................... १
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट....................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**
पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र कुमार महतो
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल
**अविलम्वित नजीरः** ×

## शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल
शुरु कर्यालयको निर्णय मितिः–२०७२/०६/१९

## प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुँडामणी शर्मा
निर्णय मितिः २०७३।०३।०८

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।०६।१९ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. कार्यालयको कार्यक्षेत्र अन्तर्गत सहकारी, वित्तीय सेवाहरू प्रदान गर्ने करदाता कान्तिपुर सेभिङ एण्ड को-अपरेटिभ लि.ले आ.व. २०६७/०६८ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ५४,९५,०३१।७६ देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६९/०१/०७ मा विवरण पेश गरेको ।

२. प्रस्तुत करदाताका आ.व. २०६७/०६८ को आय विवरण यस कार्यालयबाट कर परीक्षणको सिलसिलामा करदाताबाट आय विवरणसाथ प्राप्त कागजातको अध्ययन, छानविन तथा हिसावकितावको परीक्षण गर्दा आयकर ऐन २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्च दावी भएको तथा कर कट्टी गर्नुपर्ने भुक्तानीमा श्रोतमा कर कट्टी गरेको नपाईएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने र श्रोतमा कर कट्टी गरी दाखिला गर्नु भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) र दफा ९०(८) बमोजिम विस्तृत व्यहोरा खुलाई

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७२/६/१२ मा जारी भएको सूचना ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/६/१२ मा जारी भएको सूचना करदाताले मिति २०७२/६/१३ मा सूचना बुझी लिएको ।

४. करदाताले मिति २०७२/६/१३ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७२/६/१८ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व. २०६७/०६८ का लागि देहाय अनुसार रु. १,०५,६७,०७३।०४ संशोधित करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गर्ने गरी सोही ऐनको दफा १०२ बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/०६/१९/३ मा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७२/०६/१९ मा जारी गरेको आ.व. २०६७/०६८ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी कान्तिपुर सेभिङ एण्ड को-अपरेटिभ लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/०८/१८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. यसमा पुनरावेदक संस्थाबाट आ.व. २०६७।०६८ को लागि खुद आय १,०५,६७,०७३।०४ कायम गरी संशोधित कर निर्धारण गर्ने गरी शुरू ठुला करदाता कार्यालयबाट मिति २०७२।६।१९ मा भएको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३/३/०८ मा भएको निर्णय ।

८. विपक्षी कार्यालयबाट पुनरावेदक संस्थाको सम्बन्धमा संशोधित कर निर्धारण गर्न खडा गरेको निर्णय पर्चा र संशोधित कर निर्धारण आदेश आयकर ऐन २०५८ को दफा १९(१), ५९(१क) र १४(१) विपरित हुनुका साथै हचुवा एवं मनोगत भएको हुनाले त्यसलाई सदर गर्ने आन्तरिक राजस्व विभागको उक्त निर्णय बदर गरी निवेदकको नाफा नोक्सान खाता, स्वयं कर निर्धारणलाइ्र आयकर सिद्धान्त, पुनरावेदन जिकिर बमोजिम हुने गरी कानूनी एवं न्यायिक मान्यता र चलन अनुसार न्याय पाउँ । उक्त निर्णय बदरयोग्य भएको हुनाले व्याज जरिवाना शुल्क दस्तुर समेत लिन पाउने होइन सो समेत बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई कान्तिपुर सेभिङ एण्ड को-अपरेटिभ लि. को तर्फबाट पेश भएको पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/१०/९/४ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक करदाता कान्तिपुर सेभिगं एण्ड क्रेडिट को अपरेटिभ लिमिटेडका तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता सुरेन्द्र कुमार महतोले ब्यबसायिक क्रियाकलापमा नियमित हुने साहू आसामीको ब्यबस्थानुसार असुल हुन नसक्ने आसामीको रकम खर्च कट्टी गर्न पाउने कानूनी ब्यबस्था रहेको र सहकारी तर्फ आयकर ऐन, २०५८ को दफा ५९ (१ क) आकर्षित नहुने हँदा नोक्सानी कट्टी गर्न पाउनुपर्ने जिकीर लिनुभएको, विविध खर्च को लेखापरीक्षण गराउदा सवै विलभरपाई संलग्न राखेको हुँदा ती खर्चहरु मान्य हुनुपर्ने, ब्यबसायिक कारोवारको सिलसिलामा लिएको ऋणको ब्याज अमान्य गरेको कानून सम्मत नभएको र नोक्सानी भएको स्थायी सम्पतिको खर्च कट्टी पाउने कानूनी ब्यबस्था भएकाले प्रत्यर्थी कार्यालयको निर्णय बदरभागी छ भन्नुभयो ।

१२. प्रत्यथी ठूलाकरदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान सरकारी वकिल नगेन्द्र लम्सालले आसामी सम्बन्धि नोक्सानीको प्रावधान गरिसकेपछि पुन खर्च कट्टी माग गर्नु कानून सम्मत होईन, खर्च दावी गरेपछि सो लाई प्रमाणित गर्ने विल भरपाई संलग्न गर्नुपर्नेमा सो नगरी गरेको खर्च कट्टी दावी  अमान्य गरेको मनासिब नै छ, , सहकारी स्थापनाको उदेश्यमा नपर्ने जग्गाको लगानी र सो मा भएको रकमको ब्याज अमान्य गरेको मिलेकै हुँदा सो निर्णय सदर हुनुपर्छ भन्नुभयो । त्यसैगरी स्थायी सम्पतिमा भएको नोक्सानी सोही सम्पतिको मूल्यमा समायोजन गर्नुपर्नेमा अलग्गै खर्च कट्टी दावी माग गरेको कानून सम्मत नभै शुरु कार्यालयबाट अमान्य गरेको हुँदा सदर हुनुपर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नुभयो ।

१३. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकीरहरु, दुवै तर्फका विद्धान कानून ब्यबसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागाज प्रमाणहरुको

अध्ययन गरी निर्णय तर्फ विचार गर्दा पुनरावेदन जिकीरका बुँदागत दावी अनुसारका विषयहरुमा निम्नानुसार हुने देखिन आयो ।

**<u>क) खराव आसामीको रकम खर्च दावी सम्बन्धमाः-</u>**

खराब आसामीका सम्बन्धमा पुनरावेदकले करदाता सामान्य बैकिंग ब्यबसाय सञ्चालन गर्ने निकाय नभै सहकारी ऐन,२०४८ अन्तर्गत स्थापित सहकारी संस्था भएकाले नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही आयकर ऐन,२०५८ को दफा ५९ (१ क) बमोजिमको जोखिम ब्यहोर्ने कोष भएको अवस्था आकर्षित हुने होईन भन्ने दावी लिएकोमा,

प्रत्यर्थीले खराब आसामीको नाममा उल्लेख गरेको रकम आयकर ऐन,२०५८ को दफा ५९ उप दफा (१ क) बमोजिम जोखिम ब्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन भन्ने ब्यबस्था भएकाले सो खर्च रकम कट्टी दिन नमिल्ने भनी खर्च कट्टी अमान्य गरेकोमा,

पुनरावेदकले शुरु कर निर्धारण आदेशको जवाफमा प्रशासकीय खर्चको अनुसूची १६ मा खराब आसामी रु. ४,९५,८८५।८२ ब्यबसाय संग सम्बन्धित भएको र ऋण असुली संग सम्बन्धित नभई कार्यालय निर्माणको लागि दिईएको पेश्की रकम लामो समय देखि लिन बाँकी रहेको रकम हो भनी उल्लेख गरेको तथ्यबाट उक्त रकम सहकारी ब्यबसायको नियमित ब्यबसायिक क्रियाकलाप भित्र पर्ने देखिएन साथै संस्थागत पेश्कीको कारोवार गर्दा सो रकम बराबरको धरौटी वा जमानत लिएर कारोबार गर्ने प्रचलनलाई अवलम्बन गर्ने गरिन्छ । संस्थागत कामको जिम्मेवारी लिने र दिने पक्षले काम सम्पादनको सुनिश्चितता र पेश्की रकमको सुरक्षाका लागि जमानत लिएको र पेश्की दिएको नदेखिंदा एवं उक्त रकम असुलीको प्रयास भए गरेको नदेखिंदा उक्त पेश्की रकम मुनाफाबाट कट्टी गर्न पाउनुपर्छ भनी पुनरावेदकले लिएको जिकिरसँग सहमत हुन सकिएन ।

**<u>ख) विविध खर्च सम्बन्धमाः-</u>**

नाफा नोक्सान हिसाबको अनुसूची १६ अन्तर्गतको विविध खर्चको कर लेखा परीक्षणको सिलसिलामा खर्चहरु पुष्टि हुने विल भरपाइ कागजात पेश हुन नसकेकोले उक्त खर्च वास्तविक मान्न नसकिने भनी प्रत्यर्थीले सूचना दिएकोमा पुनरावेदकले यी खर्चहरु खाजा खर्च र पार्किगं शुल्क भएकाले ब्यबसाय संग सम्बन्धित खर्च हुन भन्ने जिकीर सम्म लिएको तर सो लाई पुष्टि गर्ने आवश्यक विलभरपाई लगायतका प्रमाणहरु पेश गर्न नसकेकाले सो खर्च रकम आयकर ऐन,२०५८ को दफा १३

बमोजिम वास्तविक खर्च भएको नदेखिएकाले खर्च कट्टी गर्न नमिल्ने भनी गरेको प्रत्यर्थीको निर्णय मनासिव नै देखिन आयो ।

**ग) ब्याज खर्च सम्बन्धमाः–**

पुनरावेदकले गोरखा डेभलपमेण्ट बैकको ऋणको ब्याज खर्च समेत नाफा नोक्सान हिसाबमा समायोजन गरेकोमा सहकारी संस्थाको उदेश्य विपरीत काभ्रेस्थलीमा जग्गा विकास खर्चमा लगानी गरेको हुँदा उक्त ब्याज खर्च, संस्थाको उदेश्य बमोजिमको आय आर्जन संग सम्बन्धित नदेखिएकाले आयकर ऐन,२०५८ को दफा १४(१) बमोजिम खर्च कट्टी गर्न नमिल्ने भनी सूचना दिईएकोमा निजले जवाफमा उक्त लगानी संस्थाका सदस्यहरुलाई किस्ताबन्दीमा आवास सुविधा प्रदान गर्ने हेतुले गरिएको हुँदा संस्थाको उदेश्य अनुकुल नै रहेको भन्ने दावी लिएतापनि सो दावी पुष्टि गर्ने कुनै प्रमाण कागजात पेश नगरेको र एकातिर आफ्नो कारोवार सञ्चालन गर्न बैंक ऋण लिनुपर्ने अवस्था भएको र अर्कोतिर सहकारी संस्थाको उदेश्य विपरीत जग्गामा लगानी र खर्च गरेको देखिएको हुँदा सो बैंक ऋणको ब्याज खर्च रकम रु.४५,१२,८७८।३४ संस्थाको उदेश्य अनुरुपको आय आर्जनसंग सम्बन्धित नेदेखिएकोले आयकर ऐन,२०५८ को दफा १४(१) बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी गरेको निर्णय कानून सम्मत नै देखिन आयो ।

**घ) स्थिर सम्पति नोक्सानी सम्बन्धमाः–**

नाफा नोक्सान हिसाबको अनुसूची १६ मा स्थिर सम्पतिमा नोक्सानी खर्च रु. ३९००। -ब्यबसाय करोवार सञ्चालनको सन्दर्भमा भएको नोक्सानी सम्बन्धित आय वर्षमा कट्टी पाउने सामान्य कानूनी मान्यता रहेको भनी पुनरावेदकले दावी लिएकोमा,

प्रत्यर्थीबाट यस्तो नोक्सानी सो सम्पति समूहबाट घटाउनु पर्नेमा नाफा नोक्सान हिसाबमा खर्च लेखेकाले खर्च कट्टी गर्न नमिल्ने भनी करदातालाई आयकर ऐन बमोजिम सूचना दिईएकोमा निजले सो सम्बन्धमा सो कारोवार पुष्टि गर्ने कुनै प्रमाण कागजात पेश नगरेको र कुनै जिकीर समेत नलिएको हुँदा आयकर ऐन,२०५८ को दफा १३ बमोजिम खर्च कट्टी दिन नमिल्ने ठहर्छ भनी प्रत्यर्थीबाट भएको निर्णय तर्फ विचार गर्दाः आयकर ऐन २०५८ को दफा १९(१) सँग सम्बन्धित अनुसूची-२ को दफा २ मा रहेको कानूनी व्यवस्था अनुसार विक्री भएको वा नोक्सान भएको सम्पत्ति सोही सम्पत्ति समूहमा समायोजन गर्नुपर्ने देखिंदा शुरू निर्णय अन्यथा भन्न मिल्ने देखिएन ।

१४. अतः माथि विवेचित आधारमा स्थायी लेखा नं ५००२१३३१५ भएका पुनरावेदक करदाता कान्तिपुर सेभिगं एण्ड क्रेडिट को अपरेटिभ लिमिटेडको आ.व. २०६७।०६८ को आयकर निर्धारणका सम्बन्धमा शुरु ठूलाकरदाता कार्यालयको मिति २०७२।०६।१९ को निर्णय र सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजश्व विभागबाट मिति २०७३।०३।०८ मा भएको निर्णय मिलेकै देखिदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्दैन ।

१५. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ।

१६. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हामी सहमत छौ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

फाँट

इतिसम्बत २०७६ साल बैशाख २३ गतेरोज २ शुभम......